सचिव बैठक, २०७८ मंसिर ८ गते

<u>निर्णयहरू:</u>

१. विगतको सचिव बैठकले गरेका निर्णयहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिई त्यसमा भएको प्रगतिको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रूपमा पठाउने।

२. प्रदेश निजामती सेवा ऐनको मस्यौदामा समावेश गर्नुपर्ने कर्मचारीहरूको सेवा शर्त र सुविधा समेतका सम्बन्धमा प्रदेशका सबै मन्त्रालय/निकायले आ-आफ्नो निकाय अन्तर्गतका कर्मचारीहरूसँग छलफल गरी उठेका विषयहरू ७ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. सवै मन्त्रालय/निकायहरूले आ. व. २०७८/०७९ का विकास कार्यक्रमहरूको प्रथम चौमासिक अवधिको प्रगति समीक्षा गर्न मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गर्ने र प्रदेश नीति तथा योजना आयोगले प्रदेश विकास समस्या समाधान समितिको बैठक आयोजना गर्ने।

४. बागमती प्रदेश सरकारको स्वीकृत नीति तथा कार्यक्रम एवम् बजेटको कार्यान्वयनलाई प्रभावकारी अनुगमन गर्ने उद्धेश्यले एकीकृत अनुगमन प्रणाली (Integrated Monitoring System) विकास गर्ने तयारी भइरहेकोले यस सम्बन्धमा योजना शाखा एवम् सूचना प्रविधि शाखासँग सम्बन्धित कर्मचारीलाई तालिम दिनु पर्ने भएकोले सम्बन्धित कर्मचारीको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५. सबै मन्त्रालय/निकायहरूले आफ्नो तथा अन्तर्गतका कार्यालय/ निकायका विधमान भवन र कार्यालय परिसरलाई अपाङ्गमैत्री हुने गरी व्यवस्थापन गर्ने र अव निर्माण गरिने संरचनालाई अनिवार्य रूपमा अपाङ्गमैत्री बनाउने।

६. सबै मन्त्रालय/निकायहरूले कार्यालय परिसरमा रहेका पुराना सवारी साधन लगायतका सामग्रीहरूलाई लिलाम गर्ने व्यवस्था तत्काल अघि बढाउने र कार्यालय परिसरमा हरियाली प्रवर्द्धन गर्ने।

२०७८।८।८

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल